# वनमन्त्री चौधरीको राजीनामा स्वीकृत



तस्बिर : मुख्यमन्त्रीको सचिवालय

**मुख्यमन्त्री कमलबहादुर शाहलाई राजीनामा बुझाउनुहुँदै मन्त्री लक्ष्मणकिशोर चौधरी ।**

**कैलाली समाचारदाता**
*धनगढी, चैत १६ गते*

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्नुभएको छ। मन्त्री चौधरीले शनिबार बिहान मुख्यमन्त्री शाहसमक्ष राजीनामापत्र बुझाउनुभएको थियो। मन्त्री चौधरीको राजीनामा मुख्यमन्त्री शाहले स्वीकृत गरेको मुख्यमन्त्रीका प्रेस तथा जनसम्पर्क सल्लाहकार डम्मर बमले बताउनुभयो।

सल्लाहकार बमका अनुसार नयाँ मन्त्री नियुक्त गर्नेबारे सत्तारूढ दलहरूसँग सल्लाह गरेर मुख्यमन्त्री शाहले निर्णय लिनुहुन्छ।

मन्त्री चौधरीले दिगो वन व्यवस्थापन कार्यविधि मन्त्रीपरिषद्बाट पारित गराउने र त्यसबाट घुस लिनसम्बन्धी छलफलको अडियो रेकर्ड शुक्रबार सञ्चार माध्यममार्फत सार्वजनिक भएको थियो। सोही अडियोका कारण मन्त्री चौधरीलाई नैतिकताका आधारमा राजीनामा दिन मुख्यमन्त्री शाहले शनिबार निर्देशन दिनुभएको थियो।

मुख्यमन्त्री शाहले निर्देशन दिएलगत्तै मन्त्री चौधरीले पत्रकार सम्मेलन गरेर आफूले नैतिकताका आधारमा राजीनामा दिएको बताउनुभएको थियो। उहाँले सो अडियो अलि पहिलेको भएको पनि सो अवसरमा बताउनुभएको थियो।

# सेटिङमा सामुदायिक वन फँडानी

**कमलबजार समाचारदाता**
*अछाम, चैत १६ गते*

अछाममा सामुदायिक वनका पदाधिकारी र डिभिजन वन कार्यालयको मिलेमतोमा व्यापक रूपमा वन फँडानी भएको छ। जिल्लाको कमलबजार नगरपालिका र पञ्चदेवल विनायक नगरपालिकाको लेक क्षेत्रमा रहेका सामुदायिक वन फँडानी गरेर चुत्रो (तिर्खुला) को डाँठ तथा बोक्रा बिक्री भइरहेको हो।

कमलबजार नगरपालिका–५ स्थित पाँचुली चैतेपातल सामुदायिक वनबाट १३ हजार किलो चुत्रो बिक्री गरिएको छ। सो वनका पदाधिकारी, डिभिजन वन कार्यालय विनायक र मङ्गलसैनका कर्मचारीको मिलेमतोमा उक्त परिमाणको चुत्रो बिक्री भएको खुलेको हो। जिल्लाका विभिन्न वन उपभोक्ता समितिले डिभिजन वन कार्यालयबाट अनुमति लिएर वन पैदावार सङ्कलन गरिरहेका हुन्।

कमलबजार नगरपालिका–५ मा रहेको पाँचुली चैतेपातल सामुदायिक वनका पदाधिकारीले किर्ते भेला गरेर वन पैदावार बेच्ने निर्णय गरेको खुलेको छ। सो भेलाको निर्णय पुस्तिकामा विभिन्न व्यक्तिको नाम लेख्दै किर्ते हस्ताक्षर गरेर डिभिजन वन कार्यालयलाई वन पैदावार बेच्ने अनुमति लिएको बुझिएको छ।

सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष जयप्रकाश उपाध्याय आठ महिनादेखि कैलालीमा हुनुहुन्छ तर उहाँको अध्यक्षतामा भएको भनिएको भेलामा उहाँको हस्ताक्षर छ। उहाँले आफूले हस्ताक्षर नगरेको बताउनुभयो। भेलाको निर्णय पुस्तिकामा हस्ताक्षर देखिएका कमलबजार नगरपालिका–५ का खगेन्द्र उपाध्यायले आफू कैलालीमा भएको बेलामा आफ्नो नाममा हस्ताक्षर भएको भन्दै किर्ते भेला भएको बताउनुभयो। सो निर्णयमा कमलबजार नगरपालिकाका–५ का वडाध्यक्ष सत्यराज तिमिल्सैनाको हस्ताक्षरसमेत छ तर अध्यक्ष तिमिल्सैनाले वनको भेला नभएको बताउनुभयो।

डिभिजन वन कार्यालय मङ्गलसैनका प्रमुख जनक पाध्याका अनुसार अछाम जिल्लाबाट चुत्रो जातको पैदावार निकासीका लागि १० हजार किलोको मात्र कोटा छ तर सो कार्यालयले नै पाँचुली चैतेपातल सामुदायिक वनलाई १३ हजार किलोको अनुमति दिएको छ। जिल्लाका अन्य पालिकाबाट पनि चुत्रो काटेर बिक्री गरिएको छ।

सामुदायिक वनलाई फँडानी गरेर वन पैदावार बिक्री गरिएकोमा स्थानीयले विरोध जनाएका छन्। कमलबजार नगरपालिका–५ का जीवन तिमिल्सैनाले वन फँडानी गरेको भन्दै फँडानी गर्नेका विरुद्ध मुद्दा दर्ता गर्ने बताउनुभयो।

दामासाही तरिकाले वनका बुट्यान काटिँदा सामुदायिक वन उजाड बनेका छन् तर डिभिजन वन कार्यालयहरू मुखदर्शक बनेका छन्। सामुदायिक वनलाई कटान आदेशका लागि सिफारिस गर्ने डिभिजन वन कार्यालय विनायकका प्रमुख गणेश ठगुन्नाले वन फँडानीमा कर्मचारीको मिलेमतो नभएको बताउनुभयो।

# ‘पत्रकार हत्या निन्दनीय’




तस्बिर : अविनाश चौधरी

**विरोध प्रदर्शन गर्दै पत्रकार ।**

**धनगढी समाचारदाता**
*धनगढी, चैत १६ गते*

कैलालीका पत्रकारले पत्रकार हत्या र मिडियामाथि भएको आक्रमण अराजकताको पराकाष्ठा भएको बताएका छन्। घटनाको विरोधमा पत्रकारले शनिबार धनगढीमा विरोध प्रदर्शन गरेका छन्। नेपाल पत्रकार महासङ्घ कैलालीको आयोजनामा गरिएको विरोध प्रदर्शनका क्रममा घटनाको दोषीलाई कानुनी कारबाही गर्न माग गरिएको छ।

राजावादीले शुक्रबार काठमाडौँमा प्रदर्शन गरेका थिए। सो प्रदर्शनका क्रममा प्रदर्शनकारीले तीनकुनेको घरमा आगो लगाउँदा एभिन्युज टेलिभिजनमा कार्यरत पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको छ। यसै गरी प्रदर्शनकारीले सञ्चार माध्यमको कार्यालयमा पनि तोडफोड गरेका थिए।

कुनै पनि नाममा पत्रकार र मिडियामाथिको आक्रमण स्वीकार्य नहुने पत्रकारको जोड छ। विरोध र्‍यालीपछि ट्राफिक चौराहामा आयोजित विरोध सभामा नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष भरत शाहले कुनै पनि नाममा अराजकता फैलाउन छुट कसैलाई नरहेको बताउनुभयो। उहाँले पत्रकार हत्यारालाई कडाभन्दा कडा कारबाही गर्न र पत्रकारको सुरक्षाको ग्यारेन्टी गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो। “यो घटना अराजक जत्थाले गरेको हो। हिजो राजसंस्थाका बेला पनि मिडियालाई नै निसाना बनाइएको थियो,” उहाँले थप्नुभयो, “अहिले राजा फर्काउने नाममा त्यहि घटना दोहोर्‍याइएको छ।”

नेपाल प्रेस युनियनका सुदूरपश्चिम प्रदेश अध्यक्ष मनमोहन स्वाँरले राजा फर्काउने नाममा पत्रकार हत्या र मिडियामाथिको आक्रमण नियोजित घटना रहेको उल्लेख गर्नुभयो। शनिबार नेपाल पत्रकार महासङ्घको स्थापना दिवस मनाउने तयारीका बेला एक सहकर्मी गुमाउनुपर्दा सिङ्गो पत्रकारिता जगत् मर्माहत भएको उहाँको भनाइ थियो। स्वाँरले लोकतन्त्रमाथि नै आघात पुर्‍याउने प्रयास भइरहेको भन्दै त्यसविरुद्ध एकजुट हुन र लोकतन्त्र रक्षाका लागि कलम चलाउन पत्रकारलाई आग्रह गर्नुभयो। राजा फर्काउने नाममा शुक्रबार गरिएको प्रदर्शन अराजक रहेको स्वाँरको भनाइ थियो।

इन्सेकका सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले राष्ट्रिय मुद्दा र नागरिकको अधिकारको सवालमा सबै एक हुन आवश्यक रहेको जनाउनुभयो। पत्रकारको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै उहाँले तीनकुने घटना पत्रकारमाथि मात्रै नभई आमनागरिकमाथिको आक्रमण रहेको स्पष्ट पार्नुभयो। उहाँले जनताको बलिदानीबाट प्राप्त लोकतन्त्रको रक्षा गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सदस्य मीन बमले राजा फर्काउने नाममा भइरहेको अराजकतालाई सरकारले रोक्नुपर्ने उल्लेख गर्नुभयो। पत्रकार हत्या र मिडियामाथि भएको आक्रमणको विरोधमा आगामी दिनमा केन्द्रले निर्धारण गरे अनुसार आन्दोलनका कार्यक्रम हुने नेपाल पत्रकार महासङ्घ कैलाली शाखाका अध्यक्ष श्रवण देउवाले जानकारी दिनुभयो।

विरोध सभामा नेपाल पत्रकार महासङ्घ कैलालीका पूर्वअध्यक्ष दीर्घराज उपाध्याय, प्रेस चौतारीका जिल्ला अध्यक्ष जनक विष्ट, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घका प्रदेश अध्यक्ष उन्नति चौधरी, प्रेस सेन्टरका जिल्ला सचिव राम दहितलगायतले बोल्दै दोषीमाथि कारबाहीको माग गर्नुभएको छ।

## महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को सूची उपर दावी विरोध गर्ने सम्वन्धी
## व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोकको सूचना

*(प्रकाशित मिति २०८१/१२/१७) गते आइतवार*

महत्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person – CIP) छनौट, सम्मान एवम् सुविधा सम्वन्धी कार्यविधि-२०७४ ले तोके बमोजिम राष्ट्रिय अर्थतन्त्रमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउन यस क्षेत्रमा संलग्न उत्कृष्ट व्यवसायीहरुलाई सम्मान र कदर गर्न सो कार्यविधिको दफा ९ र १० को प्रयोजनको लागि CIP सम्मान प्राप्त गर्न सक्ने सम्भाव्य उद्योगी/व्यवसायी एवम् सम्वन्धित संस्थाहरुको नामावली तथा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को कारोवार सहितको विवरण खोली देहाय बमोजिमको सूची प्रकाशित गरिएको छ । उक्त सूची उपर कसैको दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा आईपुग्ने गरी केन्द्रको वेभसाइटमा रहेको तोकिएको ढाँचामा प्रमाण सहित निवेदन दिनु हुन र म्याद भित्र दावी विरोध नपरेमा यसै सूची अनुसार सिफारिश गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**CIP दावी विरोधको प्रयोजनार्थ सूची**

| क्र.सं. | विवरण | रकम करोड | श्रोत |
|---|---|---|---|
| (क) | निर्यात क्षेत्रतर्फ | | |
| १ | **तेस्रो मुलुकतर्फ सबैभन्दा बढी वस्तु निकासी गर्ने (अग्रस्थानका) पाँच वस्तु) प्रत्येकबाट एक एक जना** | | |
| (क) | ऊनी गलैंचा: श्री थर्ड आई इन्टरनेशनल काठमाडौं | रु २२५.५४ | भन्सार विभाग |
| (ख) | तयारी पोशाक: श्री एभरेण्ट पश्मिना निटिङ एण्ड वेभिङ इन्ण्डष्ट्रीज, ललितपुर | रु. ११९.२१ | भन्सार विभाग |
| (ग) | ऊनी फेल्टका सामानहरु: श्री नेशनल एक्सपोर्टस् प्रा लि, काठमाडौं | रु.१४३.६८ | भन्सार विभाग |
| (घ) | कुकुर विरालाका आहारा (छुर्पी): श्री मनराम हिमालय हेण्डीक्राफ्ट (प्रा) लि, काठमाडौं | रु. २८०.६३ | भन्सार विभाग |
| (ङ) | पश्मिना शल: श्री तारा ओरियण्टल ललितपुर | रु. ६०.०९ | भन्सार विभाग |
| २ | **भारततर्फको रकमको आधारमा प्रथम, दोस्रो र तेश्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ता/उद्योगी** | | |
| (क) | श्री डाबर नेपाल प्रा लि बारा | रु. १,९४७.२१ | भन्सार विभाग |
| (ख) | श्री आरती स्ट्रीप्स मोरङ | रु. १,४०३.४५ | भन्सार विभाग |
| (ग) | श्री रिलायन्स स्पिनिङ मिल्स लि काठमाडौं | रु. १,२४९.११ | भन्सार विभाग |
| ३ | **चीनतर्फको रकमको आधारमा प्रथम, दोस्रो र तेश्रो स्थान हासिल गर्ने १/१ जना नेपाली निर्यातकर्ता/उद्योगीको लागि** | | |
| (क) | श्री छोमेन ट्रेडर्स काठमाडौं | रु. ५०.४० | भन्सार विभाग |
| (ख) | श्री फिन्जो सोनाम इन्टरप्राइजेज, काठमाडौं | रु. ३९.४५ | भन्सार विभाग |
| (ग) | श्री अष्ठमँगल काठमाडौ | रु. ३०.७० | भन्सार विभाग |
| ४ | **बुँदा नम्बर (क) १ मा छनौट भैसकेको निर्यातकर्तासँग दोहोरो नपर्ने गरी नेपालको मौलिक सीप कला र संस्कृति झल्किने हस्तकलाका वस्तुहरूको निर्यातबाट सबैभन्दा धेरे रकम भित्राउने निर्यातकर्ता** | | |
| (क) | श्री गिफ्टलेण्ड इन्टरप्राइजेज प्रा ली ललितपुर | रु. १४.५५ | भन्सार विभाग |
| ५ | **बुँदा नम्बर (क) १ मा छनौट भैसकेको निर्यातकर्तासँग दोहोरो नपर्ने गरी वाणिज्य नीति २०७२ र नेपाल व्यापार एकीकृत रणनीति २०७३ ले प्राथमकितामा राखेका निर्यात सम्भवनायुक्त वस्तु मध्ये कृषिजन्य वस्तु र जडिबुटी क्षेत्रका वस्तुहरूको सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्ताहरु मध्ये प्रत्येक क्षेत्रबाट एक एक जना** | | |
| (क) | कृषि क्षेत्र: श्री नेपाल एभरेष्ट कार्डामम प्रडक्सन, झापा | रु. २९१.४० | भन्सार विभाग |
| (ख) | जडीबुटीतर्फ श्री ए बी हर्बल ट्रेडर्स एण्ड सप्लायर्स दार्चुला | रु. ३७.२५ | भन्सार विभाग |
| ६ | **निर्यात व्यापारमा कूल रकमको आधारमा सबभन्दा बढी रकमको निर्यात गर्ने महिला निर्यातकता** | | |
| (क) | जनकपुर रिफाइनरिज, रइसा टिवेडवाल | रु. ६३६.७० | भन्सार विभाग |
| ७ | **सफ्टवेयर निर्यातमा रकमको आधारमा प्रथम स्थान हासिल गर्ने निर्यातकर्ता/उद्योगी व्यवसायीका लागि** | | |
| (क) | - | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | **(ख) लगानी क्षेत्रतर्फ** | | |
| १ | उद्योग स्थापना भई सञ्चालनमा रहेका सबैभन्दा बढी लगानी गर्ने स्वदेशी श्रम र सीप उपयोग गर्ने उत्पादनमूलक उद्योगका उत्कृष्ट व्यवसायीतर्फ | | |
| (क) | - | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | **(ग) रोजगारी श्रृजनातर्फ** | | |
| १ | बुँदा नम्बर (ख) १ मा उल्लेखित लगानी आधारमा छनौट हुने व्यवसायी नदोहोरिने गरी सबैभन्दा बढी रोजगारी श्रृजना गर्ने उद्यमी/व्यवसायी | | |
| (क) | - | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | **(घ) विप्रेषणतर्फ** | | |
| १ | बैंकिङ्ग प्रणालीमार्फत विप्रेषण (Remittance) को कारोबार गरी सबैभन्दा बढी वैदेशिक मुद्रा भित्र्याउने विप्रेषण कम्पनी (Remittance Company) | | |
| (क) | आई एम ई लि, पानीपोखरी, काठमाडौं | अमेरिकी डलर २९२.८१ | नेपाल राष्ट्र बैंक |
| | **(ङ) पर्यटन क्षेत्र** | | |
| १ | पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल उद्योगी व्यवसायी | | |
| (क) | एभरेष्ट हस्पिटालिटी होटल लि. | अमेकिरी डलर १.२ | नेपाल राष्ट्र बैंक |
| २ | सबैभन्दा बढी विदेशी पर्यटक भित्र्याउने ट्राभल तथा ट्रेकिङ व्यावसायी | | |
| (क) | – | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | **(च) कर दाखिला तर्फ** | | |
| | सबैभन्दा बढी आयकर दाखिला गर्ने व्यवसायीहरु मध्येबाट | | |
| (क) | | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | **(छ) युवा दलित सीमान्तकृत र पिछडिएको क्षेत्रका उद्यमी व्यवसायीतर्फ** | | |
| १ | (क) सीमान्तकृत समूदाय एवम् पिछडिएको क्षेत्रबाट उत्पादन तथा निर्यात व्यापार क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने उद्यमी/व्यवसायी मध्येबाट नेपाल सरकारले योग्य ठानेका | | |
| (क) | - | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | (क) | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | (ख) | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | (ग) | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | (घ) | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| (ख) | युवा उद्यमी/व्यवसायी मध्ये निर्यात व्यापार क्षेत्रमा सबैभन्दा बडी निकासी गर्ने एक महिला र एक पुरुष | | |
| | (क) | | सम्वन्धीत निकायबाट आवश्यक विवरण प्राप्त नभएको |
| | (ख) युवा: अक्षय गोल्याण (३६ वर्ष) रिलायन्स स्पिनिङ मिल्स लि | रु. १,२४९.११ | |
| | **(ज) व्यवासायीका प्रतिनिधिमुलुक संस्थातर्फ निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रबाट प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा उल्लेख्य योगदान पुर्‍याएका निम्न सँघ/सस्थका अध्यक्षलाई मानार्थ** | | |
| क | नेपाल उद्योग वाणिज्य महासंघ, टेकु , काठमाडौं | | |
| ख | नेपाल चेम्बर अफ कमर्स, जमल, काठमाडौं | | |
| ग | नेपाल उद्योग परिसंघ, थापाथली, काठमाडौं | | |

**उल्लेखित सूची बमोजिम छनौट भएकाहरुको तपसिलको अवस्था रहेको पाइएमा CIP द्वारा सम्मान गरिने छैन ।**

(१) नेपाल सरकारको आधिकारिक निकायबाट कालो सूचीमा परेको ।
(२) बैंक तथा वित्तिय संस्थाको कर्जा चुक्ता गर्न नसकी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको ।
(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको ।
(४) भ्रष्टाचार तथा आर्थिक अनियमितामा संलग्न भएको प्रमाणित भएको ।
(५) CIP सम्मान प्रदान गर्ने भन्दा अघिल्लो आर्थिक वर्षसम्मको सरकारलाई तिर्नु बुझाउनु पर्ने कर बक्यौता रहेको ।

**पुनश्च:**

(१) उल्लेखित सूचीका उद्यमी/व्यवसायी/व्यक्ति/संघ संस्थाले कारोबार सहितका आधिकारिक विवरण सम्वन्धीत सरकारी कार्यालयहरुबाट प्रमाणित गरी यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र केन्द्रमा आईपुग्ने गरी पेश गर्नुपर्नेछ ।
(२ CIP सिफारिसको अन्तीम सूची जारी गर्नुपूर्व यस उपसमितिले माग गरे बमोजिमका कागजपत्रहरु सम्वन्धीत उद्यमी व्यवसायीहरुले तोकिएको समयभित्र केन्द्रमा बुझाउनु पर्नेछ ।
(३) सूचीमा उल्लेखित विधामा कुनै उद्यमी व्यवसायीहरु एक भन्दा बढी विधामा सिफारिस भएको खण्डमा उपसमितिले कुनै एक विधाको लागि मात्र सिफारिस गर्ने छ ।

**निवेदन दिने ठेगाना**
**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**
न:टोल, पुल्चोक ललितपुर
टेलिफोन: ५४२५८९८, ५४३२६४२
इमेल: info@tepc.gov.np
वेभसाइट: www.tepc.gov.np